निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

## प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

### बाँकी

तर राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा वा घरदैलो कार्यक्रममा ३x४ फिटको दलको झण्डा र चुनाव चिन्ह १०/१० वटासम्म र उम्मेदवारको नाम र चुनाव चिन्ह भएको १ वटासम्म तुल वा फ्लेक्स राख्न पाईनेछ ।

- दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने ।
- कुनै किसिमको भित्ते लेखन गर्न वा गराउन, चार पाङ्ग्रे गाडी, मोटरसाईकल, साईकल, वयल गाडा, रिक्सा, टाँगा, ठेलागाडा लगायत सबै प्रकारका सवारी साधन प्रयोग गरी र्‍याली आयोजना गर्न वा प्रचारप्रसार गराउन नहुने ।
- ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तिहरुको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने कुनै किसिमका प्रचारप्रसार गर्न, गराउन नहुने,
- जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको र्‍याली गर्दा बढिमा १० वटा राष्ट्रिय झण्डा प्रयोग गर्न पाईने ।
- निर्वाचनमा विजय भएको उम्मेदवारले कुनै प्रकारको भोज भतेर गर्न वा नगद वा जिन्सी वितरण गर्न नहुने ।
- राजनीतिक दल वा उम्मेदवारले सवारी साधनको प्रयोग गरी एक जिल्लाबाट अर्को जिल्लामा मतदाता ओसारपसार गर्न नहुने ।
- सामाजिक संजालमा गलत, भ्रामक वा द्धेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने ।
- निर्वाचनमा प्रतिकुल प्रभाव पार्ने उद्देश्यले सामाजिक संजालमा एकाउण्ट संचालन गर्न वा झुठा साईट खोल्न वा संचालन गर्न गराउन नहुने ।
- AI को प्रयोग गरी वा नगरी निर्वाचन प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, **hate speech** जस्ता भ्रामक टिका टिप्पणी गर्न वा गराउन नहुने ।
- निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक संजालमा पोष्ट, रिपोष्ट, शेयर, कमेण्ट वा प्रतिकमेण्ट, लाईभ स्ट्रिमिङ्ग, ट्याग वा मेन्सन लगायतका कार्य गर्न गराउन नहुने ।
- मतदाता र मतदानमा खटिएका कर्मचारीसँग वादविवाद गर्न वा हतोत्साहित गर्ने कुनैपनि कार्य गर्न नहुने।

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

- स्थानीय कार्यपालिकाका पदाधिकारीहरुले आफु वहाल रहेको स्थानीय तह वाहेक अन्य स्थानीय तहमा सम्वन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्ने तर प्रचारप्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न नहुने ।

३. सवारी साधन प्रयोग गर्दा पालन गर्नुपर्ने आचारण:-

- निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार भएको सम्वन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा वढीमा २ वटा दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिवाट चल्ने हलुका सवारी साधन प्रयोग गर्न सकिनेछ

  तर विदेशी नम्बर प्लेटको सवारी साधनलाई प्रयोगको अनुमति दिइने छैन,
- कुनै दल वा उम्मेदवारले अनुमती लिएको सवारी साधन प्रयोग गरी मतदाता ओसारपसार गर्न नहुने ।

  तर हिडडुल गर्न नसक्ने तोकिए बमोजिमका मतदाताका लागी निर्वाचन अधिकृतले अनुमती दिएको सवारी साधन प्रयोग गर्न पाईने ।
- स्थान तोकी प्रयोग गर्ने गरी अनुमती लिएको सवारी साधन अन्य स्थानमा प्रयोग गर्न नहुने ।
- अनुमती वेगरका सवारी साधन प्रयोग गरी प्रचारप्रसार गर्न नहुने र गरेमा सवारी तत्कालै नियन्त्रणमा लिन सकिने ।

४. राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचारप्रसारका लागि प्रचलित निर्वाचन कानून विपरीत हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थावाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिन नहुने, निर्वाचन आयोगले तोकेको हदभित्र रहि खर्च गर्ने र निषेधित कार्यको लागि आर्थिक सहयोग नलिने ।

५. सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले आचारसंहिताको पूर्ण पालना गर्ने, गराउने ।

६. थप जानकारीको लागी आचार संहिता अनुगमन अधिकृतसँग सम्पर्क गर्न सक्नुहुनेछ।

सर्वोदय उपाध्याय
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, बाँके
प्रतिनिधिसभा निर्वाचन, २०८२
९८५८०४०३७७

२०८२।१०।१६
पूर्णबहादुर खत्री
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, बाँके
प्रतिनिधिसभा निर्वाचन, २०८२
९८५८०७०१८८

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

- मतपरिणामको सम्वन्धमा मत सर्वेक्षण वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा वा प्रकाशन गर्न नहुने, चरित्र हत्या/मानहानी वा लाञ्छना लाग्ने गरी कुनै स्वरुपका सामाग्री प्रकाशन प्रशारण गर्न नहुने, मतदान/मतगणना स्थलको तस्विर लिने, भिडियो खिच्ने, कार्य गर्न नहुने ।
- कसैको घर आसपास गई निज वा निजको परिवारको सदस्यको सम्वन्धमा विरोध वा प्रदर्शन गर्न नहुने।
- जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेवारको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टि-शर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट, टयाटु लगाउन वा झोला बोक्न नहुँने ।
- अन्य दल वा उम्मेदवारको जुलुस, आमसभा, कोणसभा, वैठक, भेला वा अन्य कार्यक्रमलाई विथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने ।
- प्रचलित कानुन वा स्थानीय प्रशासनले निषेध गरेको सामाग्री लिई जुलुस, आमसभा, कोणसभा, वैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न नहुने ।
- कसैको नीजि घरजग्गा, सार्वजनिक भवन, उद्यान, सडकका भित्ता वा पोल वा कुनैपनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने ।
- विभिन्न क्लव, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैर सरकारी संस्था, आश्रम जस्ता संस्था वा कुनै व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, अनुदान, आर्थिक सहायता, चन्दा, पुरस्कार वा निर्वाचन खर्च वा बुथ खर्च दिन वा दिने घोषणा गर्न नहुने ।
- निर्वाचन प्रयोजनको लागि ७५ ग्राम सम्मको कागजमा ३०० वर्ग इन्चसम्म क्षेत्रफल भएको आकारमा एउटै रंग र मुद्रकको नाम सहितको पर्चा मात्र प्रयोग गर्नुपर्ने ।
- उम्मेदवार वा दलको कार्यालयमा साईन बोर्ड तथा कपडामा बनाइएको ३x४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्ने वाहेक दलको प्रचार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन वा प्रसारण गर्न नपाइने ।
- उम्मेदवार वा दलले आफ्नो कार्यालय वाहेकका स्थानमा दलको झण्डा, दल वा उम्मदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन वा प्रसारण गर्न नहुने ।

**निर्वाचन आयोग, नेपाल**
**निर्वाचन आचारसंहिता अनुगमन अधिकृत**
**प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२**

निर्वाचन आयोग, नेपाल

**निर्वाचन आचारसंहिता अनुगमन अधिकृत**

**प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२**

**बाँके**

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं.:- ०८२/८३

मितिः- २०८२/१०/१६

<u>निर्वाचन आचारसंहिता, २०८२ पालना गर्ने सम्बन्धमा अनुगमन अधिकृतद्वारा जारी गरिएको सूचना ।</u>

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, र भयरहित वातावरणमा सम्पन्न गर्ने गराउने कार्य उम्मेदवार, राजनीतिक दल, दलका भातृ संगठन, नागरिक समाज, पत्रकार, आम सर्वसाधारण नागरिक तथा सार्वजनिक पदमा रहेका व्यक्ति हामी सबैको कर्तव्य र दायित्व हो । यसै सन्दर्भमा निर्वाचन आचारसंहिता, २०८२ निर्वाचन आयोगबाट जारी भई मिति २०८०/१०/४ गतेदेखि लागु भएको व्यहोरा सबैमा विदितै छ । उक्त निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न, गराउन बाँके जिल्लामा क्रियाशील सबै सरोकारवालाका नाममा यो सूचना जारी गरिएको व्यहोरा अनुरोध छ।

<u>तपसिल</u>

१. मतदान हुने दिनभन्दा १७ दिनअघि अर्थात मिति २०८२/११/४ गतेदेखि मिति २०८२/११/१८ गतेसम्म मात्र निर्वाचन प्रचार प्रसार गर्न पाईने छ ।

२. निर्वाचन प्रचारप्रसार गर्दा निम्न बमोजिमको आचारसंहिता पालना गर्नुपर्ने छ ।

- जुलुस आमसभा, कोणसभा वा भेला गर्दा स्थानीय प्रशासनको अनुमती लिनुपर्ने र कार्यक्रमको मिति, समय, मार्ग र स्थानको बारेमा स्थानीय प्रशासन र प्रहरीलाई कम्तिमा २४ घण्टा अगावै जानकारी गराउनु पर्ने ।
- एकभन्दा बढी दल वा उम्मेदवारले एकै समयमा, एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नहुने र उक्त अवस्थामा स्थानीय प्रशासनले स्थल वा मार्ग परिवर्तनको लागि दिईएको निर्देशन पालना गर्नु पर्ने ।
- जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचार प्रसारका कार्यक्रम गर्दा विहान ७ बजेदेखि साँझ ७ वजेसम्म मात्र गर्नुपर्ने र यस्ता कार्यक्रममा बालबालिकाको प्रयोग गर्न, गराउन नहुने ।
- प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थकसहित २५ जना भन्दा बढीको जुलुस लिएर जान नमिल्ने साथै यसरी जाँदा बाजागाजा तथा झाँकी सहित जान नहुने ।

**निर्वाचन आयोग, नेपाल**
**निर्वाचन आचारसंहिता अनुगमन अधिकृत**
**प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२**